नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

फोन ४२०००००, ४२००२८१, ४२००२१७, ४२००२१३

(स्थानीय निकाय सहयोग शाखा)

पत्र संख्या:- ०७०/७१

चलानी नं.:- १६८

मिति :-२०७०/१०/०३

**विषय :-** परिषद् बैठक सम्वन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालय
सवै (७५ वटै)।

प्रस्तुत विषयमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२ (३) र दफा १८५ (३) मा क्रमश :गाउँ परिषदको बैठक पौष मसान्त र जिल्ला परिषद्को बैठक फागुन मसान्तभित्र बोलाई सम्पन्न गर्नुपर्ने कानुनी व्यवस्था बारे अवगत नै छ । यसरी तोकिएको समयसीमा भित्र परिषद् बैठक सम्पन्न गरि गाउँ परिषद् बैठकको विवरण यथाशिघ्र पठाउन हुन र जिल्ला परिषद् बैठक सम्पन्न भएकै दिन स्थानीय निकाय सहयोग शाखाको फो.न. ०१-४२००३०४ मा सम्पर्क गरि अनिवार्य रूपमा जानकारी गर्ने गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध गर्दछु ।

२०७०/१०/०३

(डाल बिक्रम कँडेल)
शाखा अधिकृत

M/C

नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
सिंहदरबार, काठमाण्डौ
(स्थानीय निकाय सहयोग शाखा)

फोन { ४२०००००, ४२००२८१, ४२००२९७, ४२००२९९

पत्र संख्या:- ०७०/७१
चलानी नं.:- १८४

मिति: २०७०/१०/१५

**विषयः** विवरण अद्यावधिक गर्ने सम्वन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालय,
सवै (७५ वटै) ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२ को उपदाफा (३) र दफा १८५ को उपदफा (३) मा क्रमशः गाउँ परिषद्को बैठक पौष मसान्त भित्र र जिल्ला परिषद्को बैठक फाल्गुन मसान्त भित्र सम्पन्न गर्नु पर्ने कानूनी व्यवस्था अवगत नै छ । यस विषयमा जिल्ला विकास समितिको वोर्ड बैठकका निर्णयहरु, आम्दानी खर्च तथा सम्पादन गरेको कामका विवरण, जिल्ला परिषद्को निर्णयहरु वेवसाइटमा प्रविष्ट गर्ने कार्य गरिरहेका जिल्ला विकास समितिहरुले निरन्तर अद्यावधिक गर्ने र उक्त विवरण वेवसाइटमा प्रविष्ट गर्न शुरु नगरेका जिल्ला विकास समतिहरुले ३ (तीन) दिन भित्र वेवसाइटमा प्रविष्ट गराउने अन्यथा जिम्मेवार अधिकारीलाई कानून बमोजिम कारवाही हुने व्यहोरा समेत आदेशानुसार अनुरोध छ ।

२०७०।१०।१५
डाल विक्रम कँडेल
(शाखा अधिकृत)